# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, साउन ३२ गते २०५८ साल (अतिरिक्ताङ्क २६ (क)

## भाग ३

श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

गैर सैनिक हवाई उडान (पहिलो संशोधन) नियमावली २०५८

गैर सैनिक हवाई उडान नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "गैर सैनिक हवाई उडान (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. गैर सैनिक हवाई उडान नियमावली, २०५२ को नियम २ मा संशोधनः गैर सैनिक हवाई उडान नियमावली, २०५२ (यसपछि "मूल नियमावली", भनिएको) को नियम २ को,–

(१) खण्ड (ख) को सट्टा देहायका खण्ड (ख) राखिएको छः–

"(ख) "प्राधिकरण" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनुपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ज) झिकिएको छ।

३. मूल नियमावलीको नियम ४ मा संशोधन: मूल नियमावलीको नियम ४ मा रहेका "नियम ७१ बमोजिम" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणबाट" भन्ने शब्द राखिएको छ ।

४. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ मा रहेका "नियम ७१ बमोजिम" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकार वा प्राधिकरणबाट" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ मा रहेको "विभागले" भन्ने शब्दको सट्टा "श्री ५ को सरकार वा प्राधिकरणले" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीको नियम १८ मा संशोधनः मूल नियमावलीको नियम १८ मा रहेको "विभागले" भन्ने शब्दको सट्टा "श्री ५ को सरकार वा प्राधिकरणले" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल नियमावलीको नियम ७६ मा संशोधनः मूल नियमावलीको नियम ७६ मा रहेका "दश किलोमिटर" भन्ने शब्दहरूको सट्टा "तीन किलोमिटर" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल नियमावलीको नियम ८१ मा संशोधनः मूल नियमावलीको नियम ८१ को उपनियम (१) मा रहेका "अनुसूची–३ मा उल्लिखित विषयमा" भन्ने शब्दहरू झिकिएका छन् ।

९. मूल नियमावलीको नियम ८७ मा संशोधनः मूल नियमावलीको नियम ८७ मा रहेका "नलेखिएको कुराको हकमा" भन्ने शब्दहरूपछि "प्रचलित कानून," भन्ने शब्दहरू थपिएका छन् ।

१०. खारेजी: मूल नियमावलीको,–

(१) परिच्छेद ४, ५, ६, ७,८ र ९ खारेज गरिएका छन्।

(२) नियम ८३, ८४ र ८६ खारेज गरिएका छन् ।

(३) अनुसूची १, २ र ३ खारेज गरिएका छन् ।

११. रुपान्तरः मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "विभाग" भन्ने शब्दको सट्टा "प्राधिकरण" भन्ने शब्द राखि रुपान्तर गरिएको छ।

आज्ञाले,

वरुणप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।